# खाँदबारी नगरपालिकाको बाह्रौं नगरसभामा नगरप्रमुख श्री महेश थपलियाले पेश गर्नु भएको आ.ब. ०७९/०८० को नीति तथा कार्यक्रम
# मिति २०७९ असार १० गते

**नगर उपप्रमुखज्यू,**
**खाँदबारी नगरपालिकाको बाह्रौं नगरसभामा उपस्थित हुनुभएका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू,**
**यहाँ उपस्थित हुनुहुने तथा विभिन्न संचार माध्यमबाट प्रत्यक्ष प्रशारणमा जोडिनु भएका आदरणीय नगरबासी आमाबुवा, दिदीबहिनी, दाजुभाइहरू,**
**प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु,**
**सम्पूर्ण संचारकर्मी मित्रहरू,**

आगामी आ.व. २०७९/८० का लागि यस खाँदबारी नगरपालिकाको नीति तथा कार्यक्रम नगरप्रमुखको हैसियतले यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गर्दै यहाँ उपस्थित सबैप्रति हार्दिक स्वागत गर्दछु ।

नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान् शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै खाँदबारी नगरपालिकाको प्रथम जननिर्वाचित नगरप्रमुख स्व. किरण शाक्य लगायत जनप्रतिनिधिको रुपमा निर्वाचित भई हालसम्म दिवंगत हुनु भएका सम्पूर्ण व्यक्तित्वहरुलाई यस महत्वपूर्ण घडिमा स्मरण र सम्मान गर्दै उहाँहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

पूर्वी हिमाली जिल्ला संखुवासभाको सदरमुकाम रहेको यस खाँदबारी नगरपालिका वि.सं. २०५३ सालमा भएको हो । यो नगरपालिका १२२.७८ वर्गकिलोमिटरमा फैलिएको छ । २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकाको कूल घरधुरी संख्या जम्मा ७,५९३ रहेको छ भने लैङ्गिक रुपमा हेर्दा महिला १७,५२० र पुरुष १८,१०८ गरी जम्मा ३५,६२८ जनसंख्या बसोबास गर्दछन् । वडागत रुपमा हेर्दा सबैभन्दा उच्च जनसंख्या वडा नं ९ मा ४,७३४ रहेको छ भने सबैभन्दा न्यून जनसंख्या वडा नं ५ मा १,६५२ रहेको देखिन्छ ।

धार्मिक, साँस्कृतिक तथा जातीय विविधतता रहेको यस नगरपालिकामा ब्राम्हण, क्षेत्री, राई, नेवार, मगर, शेर्पा, भोटे, गुरुङ, कुमाल, कामी, दमाई, सार्की, माझी, लिम्बु, दशनामी लगायतका ३७ भन्दा बढी जातजातीहरुको बसोबास रहेको छ भने हिन्दु, बौद्ध, किराँत, इसाई तथा जैन मार्गमा आस्था राख्नेहरुको बसोबास रहेको पाईन्छ । जसमा संख्यात्मक हिसाबले हिन्दु ७० प्रतिशत, बौद्ध २० प्रतिशत, किराँत ७ प्रतिशत, इसाई २ प्रतिशत र मुस्लिम र जैन धर्ममा आस्था राख्नेहरु लगभग शुन्य दशमलब एक प्रतिशत धर्मालम्बीहरुको बसोबास रहेको यस क्षेत्रमा धार्मिक तथा जातीय विविधता रहेतापनि आपसी मेलमिलाप, एकता, सहिष्णुता र सदभाव रहेको पाईन्छ ।

धार्मिक, प्राकृतिक र ऐतिहाँसिक धरोहरहरु मनकामनाधाम, सतीढुङ्गा, सतीघाट, त्रिवेणीधाम, थालेडाँडा, छ्याङ्कुटी, रमिते, छहरेछाँगो, चारधारा जस्ता महत्वपूर्ण गन्तव्यस्थल रहेको यस नगरपालिका मकालु

हिमाल आरोहण गर्न जानेहरुको लागि मुख्य प्रवेश विन्दुको रुपमा रहेको छ । यस नगरपालिकामा समुन्द्री सतहदेखि २७८ मीटर (अरुण नदी र सभाखोला दोभान) देखि हिमाली हावापानी पाईने गुफाथानडाँडा २,१७१ मीटरमा रहनुका साथै विश्वको सबैभन्दा होचो उपत्यका अरुण उपत्यका समुन्द्र सतहदेखि ४५७ मीटरमा यहि नगरपालिकामा अवस्थित रहेको हुँदा पर्याप्त भौगोलिक तथा हावापानीका दृष्टिकोणले विविधता रहेको कुरा पुष्टी हुन्छ ।

यही मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा हामीलाई अमूल्य मत दिई निर्वाचित गराउनु हुने खाँदबारी नगरपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु र स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण सुभेच्छुक महानुभावहरुप्रति यस नगरपालिकामा निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानीत नगरसभामा प्रस्तुत गर्नका लागि नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा सबैमा जानकारी गराउन चाहन्छु ।

विगतमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ बाट लगभग दुई बर्षसम्म आक्रान्त भएर हाल संक्रमण दर घट्न गई राज्यका सम्पूर्ण क्षेत्र तङ्ग्रीदै गरेको अवस्थामा कोभिडबाट प्रभावित क्षेत्रहरुको पुनरुत्थान गर्ने समय भएकोले नीति तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने विषयहरुको दायरा फराकिलो रहेको र नवनिर्वाचित जनप्रतिनिधिहरुको कार्यकालको यस पहिलो नगरसभामा पेश भएको नीति तथा कार्यक्रमले जनताका अधिक अपेक्षा र आवश्यकताहरुलाई यथोचित रुपमा सम्बोधन गर्नुपर्ने भएकोले अवसर र चुनौती संगसंगै प्राप्त भएको छ।

यस बर्षको नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय योजना आयोगले तयार गरी कार्यान्वयनमा ल्याएको पन्धौं आवधिक योजना, दिगो विकास लक्ष्यका साथै यस नगरपालिकाको पहिलो आवधिक योजना (२०७८/७९ - २०८२/८३) लाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**खाँदबारी नगरपालिकाले आ.व. ०७९/८० मा अवलम्वन गर्ने मुख्य-मुख्य नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछुः**

**<u>आर्थिक विकास नीति</u>**

- संघ तथा प्रदेश सरकारको सहयोगमा खाँदबारी नगरपालिकाभित्र औद्योगिक ग्राम स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ ।
- संघीय सरकारसंग उचित समन्वय गरी खाँदबारी नगरपालिकाभित्र सुख्खा बन्दरगाह निर्माणको लागि पहल गरिनेछ ।

- संघीय सरकारबाट हस्तान्तरण भई आएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई नगरपालिकाको समेत सहकार्य र साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बढ्दो बेरोजगारी समस्या हटाई **"समृद्ध खाँदबारी"** नगरपालिका निर्माणका लागि **Basic** तथा **Advance** सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ भने संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएका रोजगारी सिर्जना गर्ने सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक बनाउदै समग्र कृषि क्षेत्रको उत्पादन वृद्धि गरिनेछ |
- कृषि उपजको उत्पादकत्व बढाउनको लागि कृषियोग्य जमिनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न योजनाहरु संचालन गरिनेछ ।
- आधुनिक औजार तथा प्रविधिको प्रयोग गरी कम लागतमा बढी उत्पादन लिनसक्ने गरी कृषि क्षेत्रलाई औजारीकरण तथा व्यवसायीकरण गरिनेछ ।
- कृषियोग्य जमीनहरुको माटो परीक्षणका आधारमा उपयुक्त बाली लगाउनको लागि किसानहरुलाई सुसूचित गरिनेछ ।
- नगरपालिकाका वडाहरुमाम**"एक वडा एक कृषि तथा पशुसेवा केन्द्र"** स्थापना गर्ने लक्ष्य अनुरुप हरेक वडामा एक पशुसेवा र कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।
- स्थानीय (रैथाने) प्रजातिको पशुपन्छीहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार गरी उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।
- पशुपन्छीको नियमित स्वास्थ्य उपचारमा पशु चिकित्सक तथा प्राबिधिकहरुबाट उत्कृष्ट सेवा उपलब्ध गराईनेछ ।
- दुग्धजन्य पदार्थ प्रशोधन तथा वितरणका लागि स्थानीय सरोकारवाला निकायहरुसँगको सहकार्यमा साना तथा मझौला डेरी स्थापना गरी सञ्चालन गरिनेछ ।
- कृषि बाली तथा पशुपंक्षी विमा कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- नगरबासीहरुले स्वस्थ्य मासु दुध र अण्डा उपभोग गर्न पाउनको लागि हाटबजारको व्यवस्थापन तथा मासु पसल (फ्रेस हाउस) लाई मापदण्ड अनुसारको स्थापना गरी सञ्चालन गर्नुका साथै नियमित रुपमा विज्ञ निरीक्षकबाट निरीक्षणको व्यवस्था मिलाईनेछ।
- संखुवासभा जिल्लाकै पहिचानको रुपमा रहेको बहुआयमिक उपयोगमा आउन सक्ने सर्वाधिक महत्वको रुद्राक्षका बिरुवा रोपण, संरक्षण, उत्पादन तथा बजारीकरणमा कृषकहरुलाई सहयोगी हुने किसिमका कार्यक्रमहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- हरेक वडामा सहकारी स्थापना तथा संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । सहकारी संस्थाहरु, टोल विकास संस्था र खाँदबारी उद्योग वाणिज्य संघ तथा नेपाल चेम्बर अफ कमर्स लगायतका अन्य निजी संघसंस्थाहरुसंगको सहकार्य र साझेदारीमा सहकारी विकास बैंक स्थापना र संचालनको कार्यलाई अगाडी बढाईनेछ ।
- कृषि सहकारी संस्थाहरु स्थापना तथा संचालन गर्ने कार्यलाई उत्प्रेरित गर्दै नगरपालिकाभित्र उत्पादन हुने कृषि उपजहरुको लागि बजार सुनिश्चित हुने वातावरण तयार गरिनेछ ।

- तरकारी तथा फलफूल उत्पादन गरी नगरपालिका क्षेत्रबाट अन्यत्र बजारहरुमा निर्यात गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराईनेछ ।
- तरकारी तथा फलफूल पकेट क्षेत्र घोषणा गरी त्यस्तो क्षेत्रमा विशेष जोनको रुपमा विकास गरी व्यवसायिक रुपमा उत्पादन गर्ने कृषकहरुका लागि खेतीका लागि आवश्यक आर्थिक सहयोग गरिनेछ ।
- खाँदबारी नगरपालिका, संखुवासभा जिल्ला र अन्य छिमेकी पालिकाहरुका कृषकहरुको मागलाई धान्न सक्ने गरी माछाको भुरा उत्पादन श्रोतकेन्द्र स्थापना गर्ने कार्य अगाडि बढाईनेछ ।
- खाँदबारी र तुम्लिङटार क्षेत्रमा फलफूल तथा तरकारी संकलन र भण्डारणको लागि शीत भण्डार ( Cold Store) निर्माण कार्यलाई अगाडि बढाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र लाग्ने साप्ताहिक हाटबजारमा बेचविखन हुने कृषिजन्य उत्पादनका लागि हाटकर मिनाहा दिईनेछ ।
- बिउ श्रोत केन्द्र स्थापना गरी नगरलाई बिउबिजनमा आत्मनिर्भर बनाइनेछ भने प्रांगारिक कृषि उत्पादनलाई प्राथमिकता दिई प्रांगारिक खेती विस्तार गरिनेछ |
- कृषिसंग सम्बन्धित सम्पूर्ण तथ्यांक संकलन तथा क्रमशः अध्यावधिक गरिनेछ |
- जनशक्तिको उचित व्यवस्थापन गरी कृषि विकासको कार्य प्रभावकारी रुपमा संचालन गरिनेछ |
- बाली उत्पादनको लागि विशिष्टीकृत क्षेत्र निर्धारण गरी पकेटक्षेत्रको रुपमा विकास गरी पकेटक्षेत्र विशेष कार्यक्रम संचालन गरिनेछ |
- रैथाने बालीको पहिचान गरी संरक्षण र बाली उत्पादनलाई प्रोत्साहन गरिनेछ |
- मसलाबाली तथा जडिबुटीहरुको उत्पादन र बजारीकरण लाई प्रशोधनको माध्यमबाट व्यवस्थित गरिनेछ |
- कृषक वर्गीकरण गरी कृषक परिचयपत्र उपलब्ध गराइनेछ र वर्गीकरणको आधारमा कृषकलाई उचित प्रोत्साहन गरिनेछ |
- कृषिको व्यवसायिक खेतीमा महिला, एकल महिला, दलित, एवम् अति विपन्न वर्गको आबद्धतामा वृद्धि गरी गरिवी निवारणमा जोड दिइनेछ |
- जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्दै कृषियोग्य जमिनको अधिकतम उपयोग गर्ने नीति लिईनेछ ।
- नगरपालिका क्षेत्रभित्र कफी खेतीलाई प्रबर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- बहुआयामिक कृषि उपजहरु समेटेर उदाहरणीय रुपमा प्रदर्शन गर्ने गरी एकिकृत खेती प्रणालीको लागि आवश्यक कार्यक्रम ल्याईनेछ ।
- स्थानीय कृषि उत्पादनको प्रचारप्रसार र प्रबर्धन गर्नका लागि Food Festival को आयोजना गरिनेछ ।

- खाँदबारी नगरपालिका र जिल्लाभित्रका अन्य पालिकाहरुमा उत्पादित फलफूललाई खेर जान नदिनको लागि निजी क्षेत्रलाई जुस तथा वाईन फ्याक्ट्री स्थापना र संचालनको लागि प्रोत्साहन गरिनेछ ।
- बन्यजन्तुहरुबाट कृषि उत्पादनमा हुनसक्ने क्षतीलाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रम संचालन गर्नुका साथै उपयुक्त प्रविधिको अबलम्बन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका उत्कृष्ट कृषक पहिचान गरी पुरस्कृत गरिनेछ ।
- कृषकहरुलाई रसायनिक मल प्रयोगमा निरुत्साहित गर्दै जैविक मल प्रयोग गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने उत्पादनबाट उत्पादित उप-उत्पादनलाई ब्राण्डिङ गरी अन्तर्राष्ट्रिय रुपमा बजारीकरण गरिनेछ ।

<u>वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>

- वातावरणमैत्री नगरपालिका निर्माण गरी जनस्वास्थ्य प्रबर्धन गर्दै शहरी सौन्दर्यता बढाउनका लागि उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श लगायतका निजी क्षेत्रहरुसँगको सहकार्यमा खाँदबारी नगरपालिकालाई प्लाष्टिकमुक्त बनाउनको लागि प्रकृया अगाडि बढाईनेछ ।
- सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीमा तुम्लिङटार, खाँदबारी र मानेभञ्ज्याङ लगायत शहरी वस्तीहरुमा घर वरीपरीको खाली जग्गामा बृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । उल्लिखित घना शहरी वस्तीहरु तथा अन्य क्षेत्रमा समेत घरधनीहरुलाई बार्दली तथा छतमा फूल रोप्ने कार्य गर्न आवश्यक सहयोग गरिनेछ ।
- फोहरमैलाको उचित व्यवस्थापनको लागि नागरिकलाई सचेतना कार्यक्रम साचालन गर्ने, खाँदबारी नगरपालिका वडा नं ९ मा रहेको ल्यान्डफिल साईटलाई थप व्यवस्थित गर्ने र फोहर लैजानको निमित्त बाह्रै महिना सवारी साधन सञ्चालनको निमित्त उक्त सडकको सुधार गरिनेछ ।
- वन, वातावरण तथा स्वच्छताको लागि विभिन्न क्षेत्रहरुमा वातावरणमैत्री क्रियाकलापहरु तथा वायोईन्जिनियरिङलाई प्राथमिकता दिईनेछ।
- नगरपालिकाभित्र पाईने लोपोन्मुख तथा अन्य बन्यजन्तुहरुको अभिलेखाङ्कनको कार्य गरिनेछ।
- वनजंगलको संवर्धन, संरक्षण र व्यवस्थापनका निमित्त साझेदारी निकायसँगको समन्वयमा वन व्यवस्थापनमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- नगरभित्रका सामुदायिक वन उपभोक्ता समितिहरुसँग अन्तरकृया गरी वन संरक्षण र उपयोगको नीति लिईनेछ।
- विभिन्न जातजातीहरुले आफ्नो धर्म संस्कृतिको अबलम्बन तथा अभ्यास गर्दा बनपैदावारको दोहन गर्ने परम्परालाई निरुत्साहन गरी बैकल्पिक उपाय अपनाउन र दिगो वन व्यवस्थापनप्रति सम्बेदनशील रहन जनचेतामूलक कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकाक्षेत्रभित्र पाईने रैथाने तथा आयातीत प्रजातीहरुलाई संरक्षण तथा प्रबर्धन गर्न नगरपालिका स्तरीय नर्सरी स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- नगरक्षेत्रभित्रका बाल उद्यान पार्कहरुको विस्तार र सुधार गरिनेछ।
- वर्षेनि हुने वनडढेलो रोकथामका लागि प्रचारप्रसार गर्ने र थप केही सामुदायिक वनमा पानी पोखरी निर्माणको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- वन, वातावरण, तथा वन्यजन्तु सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मनाउदै तिनीहरुको संरक्षणका निमित्त योजना निर्माण गरिनेछ ।
- विपद्जन्य घटनाहरुबाट पिडितलाई तत्काल राहत दिनको लागि अवश्यक सामग्रीहरु खरीद गरी तत्काल उद्दार तथा राहतका कार्यमक्रम संचालन गरिनेछ ।
- हरेक वडामा विपद्जोखिम व्यवस्थापनका लागि न्यूनतम रुपमा आवश्यक पर्ने सामग्रीहरु सहित "**विपदजोखिम व्यवस्थापन केन्द्र"** स्थापना गरिनेछ । यस कार्यमा वडा स्तरिय विपद्जोखिम व्यवस्थापन समिति र स्थानीय समुदाय समेतको सार्थक सहभागिता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणमा सुरक्षा निकायसँग समन्वय गरी विपद सुरक्षित तालिम सञ्चालन गरिनेछ।
- बाढीपहिरो जस्ता विपद्का कारण हुनसक्ने क्षतिलाई घटाउन आवश्यक पर्ने त्रिपाल तारजाली, ह्यूमपाईप जस्ता सामाग्रीको खरिद गरी भण्डारण गरिनेछ।
- खाँदबारी नगरपालिकामा रहेका दमकललाई चुस्तदुरुस्त राखी आवश्यक Fireman को नियूक्ति गरी तालिम प्रदान गर्नुका साथै आवश्यक ड्रेस कोडको व्यवस्था गरिनेछ।
- नेपाल रेडक्रससंगको सहकार्यमा विपद् व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधिहरु संचालन गरिनेछ।
- फोहरमैला व्यवस्थापनमा थप सुधार गरिनुका साथै बजारीकरण भईरहेका वडाका बस्तीहरुमा फोहरमैला व्यवस्थापनको सेवा विस्तार गरिनेछ।
- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीतिलाई स्थानीयकरण गर्दै कार्यान्वयन गरिनेछ ।

## पर्यटन सम्बन्धी नीति

- नवआगन्तुक पर्यटक तथा पाहुनाहरुलाई नगरपालिकाको बारेमा सूचना प्राप्त गर्न सजिलो होस् भन्ने हेतुले तुम्लिङटार विमानस्थलबाट बाहिरिने स्थानमा तथा नगरपालिकाक्षेत्रभित्रका धार्मिक, पर्यटकीय तथा अन्य महत्वपूर्ण स्थलहरुको विवरण समेत खुल्ने गरी सूचना केन्द्र (Information Centre) स्थापना गरिनेछ ।
- यस खाँदबारी नगरपालिका प्रवेश बिन्दुहरु तुम्लिङटार, बडरेनी, राम्चेबेसी, सुनखानी, छ्याङ्गुटी, हेलुवाबेशी, सतीघाट र चेवाबेसी जस्ता स्थानमा ट्रस र जस्ताको प्रयोग गरी मितव्ययी तवरले स्वागतद्वार निर्माण गरिनेछ ।

- ढोलबाजे जंगलमा पर्यटकीय पार्क निर्माण कार्यको थालनी गरिनेछ भने खाँदबारी बजारको पोखरीपार्क संरक्षण तथा सौन्दर्यकरण गरिनेछ ।
- नगरपालिकाक्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुसंग समन्वय गरी सडकसंगको नजिकको पहुँचमा रहेको सामुदायिक वन क्षेत्रभित्र बहुआयामिक पर्यापर्यटनका लागि संरचना निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- सुनसरीको चतारादेखि यस नगरपालिकाको वडा नं. ९ मनकामनासम्म जलयातायातका साधनहरु संचालन गर्नका लागि सम्बन्धित निकाय तथा क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ ।
- निजी कम्पनीहरुसंग सहकार्य गरी खाँदबारी नगरपालिकाभित्र विभिन्न साहसिक खेल प्रबर्धन गरिनेछ । **Mountainaring** सम्बन्धी तालिम संचालन गर्ने निजी **Institutes** स्थापना गरी संचालन गर्ने कार्यलाई प्रोत्शाहन गरिनेछ ।
- खाँदबारी नगरपालिकाका निजी जङ्गलधनिहरुसंग समन्वय र सहकार्य गरी त्यस्तो निजी जङ्गलक्षेत्र भित्र पर्यटकीय स्थल, पार्क, पिकनीकस्थल निर्माण कार्यमा सहयोग गरिनेछ ।
- खाँदबारी नगरपालिका क्षेत्रमा फुटसल, **Swimming Pool** आदि निर्माण र संचालन गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- नगरपालिकाभित्र रहेका विभिन्न जातजाति, धर्मसंस्कृति, भेषभुषा तथा परम्पराको संरक्षण तथा प्रबर्धन गर्दै **"सबैको संस्कृतिलाई जिउँदोजाग्दो राख्ने"** कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिकाक्षेत्रभित्र संचालित होमस्टेहरुलाई अझ व्यवस्थित बनाउँदै थप होमस्टे संचालन तथा व्यवस्थापनमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।
- नगरपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरुको बारेमा सूचनामूलक जानकारी समेटिने गरी होटलहरुमा पर्यटकीय क्षेत्रको फोटो तथा ब्रोसर तयार गरी राख्ने व्यवस्था मिलाउन होटल व्यवसायी संघसंग सहकार्य गरिनेछ ।

**<u>शिक्षा, युवा तथा खेलकुद नीति</u>**

- नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुलाई कक्षा ९ देखि प्राविधिक विषय अध्ययन अध्यापन गराउन प्रोत्साहन गरिनेछ । प्राविधिक विषयमा अध्ययन अध्यापन गराउन चाहने सामुदायिक विद्यालयहरुलाई कार्यविधि बनाई अनुदान प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउन उत्प्रेरित गरिनेछ । यसरी अंग्रेजी माध्यमबाट सिकाई अघी बढाउन चाहने सामुदायिक विद्यालयहरुलाई कार्यविधि बनाई अनुदान प्रदान गरिनेछ ।
- खाँदबारी नगरपालिका क्षेत्रभित्र समेत कार्यक्षेत्र हुनेगरी स्थापित नरबहादुर कर्मचार्य फाउण्डेसनसंग सहकार्य गरी खाँदबारी नगरपालिकामा प्रविधिक शिक्षालयको स्थापना र संचालन गरिनेछ ।

- योगमाया आयुर्वेद विश्वविद्यालयको लागि जग्गा प्राप्तिको कार्यमा नगरपालिकाले खेलेको भूमिकालाई अझ प्रभावकारी बनाउदै विश्वविद्यालय संचालनमा नगरपालिकाले नेतृत्वदायी भूमिका खेल्नेछ ।
- नगरबासी युवाहरुको स्वास्थ्य र अनुशासनलाई प्रबर्धन गर्न नगरपालिका हाताभित्र जिम सेन्टरको स्थापना तथा संचालन गरिनेछ । साथै अन्य ईन्डोर खेलकुदहरुलाई समेत प्रबर्धन गरिनेछ ।
- "**संस्कारी नागरिक निर्माण अभियान**" संचालनको लागि सामुदायिक विद्यालय अन्तर्गत विभिन्न कक्षाहरुको अतिरिक्त पाठ्यक्रममा यस सम्बन्धी विषयहरु समावेश गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधार तथा शिक्षा सम्बन्धी अन्य क्षेत्रको समुचित विकास गर्नको लागि सरोकारवालाहरुको सहभागितामा नगरशिक्षा योजनालाई समायानुकुल परिमार्जन गर्दै नगरपालिकाभित्रका विद्यालयहरुलाई रोजागारमूखी र प्राविधिक शिक्षा अध्ययन अध्यापन गराउनेतर्फ उन्मूख गराईनेछ ।
- सुरक्षित विद्यालयको अवधारणा अनुरुप विद्यालयलाई भौतिक निर्माण तथा मर्मतका निमित्त प्राथमिकता दिईनेछ ।
- सूचना तथा प्रविधिमैत्री विद्यालय व्यवस्थापन गर्नका लागि विद्यालयको वेभसाइड निर्माण, **ICT, Virtual Class, E-Library** को स्थापना, इन्टरनेटको व्यवस्था, सि.सि. क्यामेरा जडान र सन्चालनका लागि कार्यक्रम बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ ।
- खाँदबारी नगरपालिका वडा नं. ९ तुम्लिङ्गटारमा खेलमैदान निर्माणको लागि जग्गा प्राप्ति कार्य अगाडि बढाईनेछ।
- खाँदबारी नगरपालिका क्षेत्रभित्र रहेका उच्च शिक्षा अध्ययन अध्यापन गराउने शैक्षिक संस्थाहरुलाई उचित अनुदान तथा सहयोगको व्यवस्था गरिनेछ ।
- नगरक्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुलाई सूचक बनाई नमूना विद्यालयको रुपमा विकास गर्न चरबद्ध कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा अबलम्बन गर्दै विद्यालयमा स्काउट, राष्ट्रिय सेवा दल रेडक्रस सर्कल तथा बालक्लब गठनलाई निरन्तरता दिईनेछ ।
- निजि विद्यालय र सामुदायिक विद्यालयका बीचमा सहकार्यका क्षेत्र पहिल्याई साझेदारीमा **"निजि तथा सामुदायिक विद्यालय शिक्षा साझेदारी"** कार्यक्रमहरु संचालन गरिनेछ ।
- वडाहरुमा सामुदायिक सिकाई केन्द्र स्थापना गरी त्यस्ता केन्द्रहरु मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम संचालन गरी सबै उमेर समूहका नागरिकलाई साक्षर बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- हरेक शैक्षिक सत्रमा विद्यार्थी संख्या, उपलब्ध शिक्षक संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने गराउने कार्यमा जोड दिइनेछ ।

- शिक्षण सिकाई तथा कार्यसम्पादन सूचकहरुका आधारमा शिक्षकहरुको मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ भनें न्यून कार्यसम्पादन स्तर भएका शिक्षकहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा अपांगमैत्री कक्षाकोठा, धारा, शौचालय आदि समेत बालबालिकामैत्री बनाउन जोड दिइनेछ ।
- विद्यालय छाडेका तथा विद्यायलय बाहिर रहेका बालबालिकाहरुलाई बैकल्पिक शिक्षाको व्यवस्थापनका लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ ।
- अतिरिक्त क्रियाकलापका माध्यमबाट बालबालिकाको प्रतिभाको खोजी गरी प्रतिभा प्रस्फुटनको अवसर प्रदान गरिनेछ ।
- विद्यालय शिक्षालाई प्रभावकारी बनाई परिणामप्रति उत्तरदायी वनाउन सबै सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गरी उपलब्धिका आधारमा प्रोत्साहनको ब्यवस्था गरिनेछ ।
- विद्यालय बाहिरका अपांगता भएका बालबालिकाहरुलाई आधारभूत तहसम्मको साक्षरता प्रदान गर्न विशेष शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय तहदेखि नै खेलकुदको विकासका लागि आधारभूत तहका विद्यार्थीहरुलाई सहभागी गराउने गरी विद्यालय स्तरीय रनिङ् शिल्ड तथा एथलेटिक्स खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- खेलकुदसंग सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य र समन्वय गरी विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- प्रचलित कानून बमोजिम दर्ता भएका क्लब तथा संघसंस्थाहरुलाई खेलकुद कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिनेछ ।
- विभिन्न दातृ संघसंस्था एवं निकायहरुसंग समन्वय र सहकार्य गरी पुस्तकालय स्थापना संचालनको व्यवस्था मिलाईनेछ ।
- नगरभित्रका उत्कृष्ट खेलाडी तथा संघसंस्थाहरुलाई सम्मान गरिनेछ ।
- राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकूद प्रतियोगितामा सहभागी हुन जाने खेलाडीहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- नगरमा खेलकुदको दीगो व्यवस्थापनका लागि सुविधा सम्पन्न कभर्डहल निर्माण गर्न प्राथमिकता दिइनेछ ।
- एक वडा एक खेलमैदान तथा रंगशाला निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयबाट **SEE** उत्तीर्ण भएका जेहन्दार विद्यार्थीका लागि छात्रबृत्ति प्रदान गर्न **"नगरप्रमुख छात्रवृत्ती कोष"** स्थापना गरिनेछ ।
- सफा र सुन्दर खाँदबारी नगर निर्माणमा युवाहरुलाई परिचालन गरिनेछ ।
- क्षमता अभिबृद्धी कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगार बढाउन संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गर्दा नगरपालिकाले समेत साझेदारी गरी त्यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- बैदेशिक रोजगारीबाट हाँसिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवं पूँजीलाई सही सदुपयोगका लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ ।

__स्वास्थ्य सम्बन्धी नीति__

- संघीय सरकारसंगको सहकार्यमा बालबालिका लगायत अन्य खोप लगाउन बाँकी व्यक्तिहरुलाई कोभिड–१९ विरुद्धको खोप उपलब्ध गराइनेछ ।
- सबै वडाहरुमा बर्थिङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको उपलब्धतालाई सहज बनाउँदै स्वास्थ्य संस्थामा मात्र प्रसुती हुने व्यवस्था मिलाईनेछ ।
- यस खाँदबारी नगरपालिकालाई पूर्णखोपयुक्त बनाउने, प्राभावकारी परिवार नियोजन सेवा प्रदान गर्ने, सूरक्षित मातृत्व कार्यक्रम संचालन गर्नुका साथै, गाऊँघर क्लिनिक लगायतका सेवालाई व्यवस्थित गरिनेछ ।
- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गणुस्तरीय सेवा पाउने गरी भौतिक पूर्वाधारमा सुधार गरिनेछ ।
- नगरपालिकामा दर्ता भएका मजदुरहरु, संघ तथा प्रदेश सरकारबाट बिमा सुविधा प्राप्त नगर्ने अपांगहरु तथा एकल महिलाको स्वास्थ्य बिमाको लागि नगरपालिकाले निश्चित रकम सहयोग गर्नेछ ।
- स्वास्थ्य सेवाका सबै आयामहरुलाई अझ प्रभावकारी रुपमा जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी कार्यान्वयन गरिनेछ ।
- सरोकारवाला निकायहरुसंग समन्वय गरी मानसिक रोग भएका बिरामीहरुलाई मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्न नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित निकायहरुलाई परिचालन गरिनेछ ।
- नि:शुल्क रुपमा प्रदान गर्ने भनी नेपाल सरकारद्वारा तोकिएका औषधीहरु गुणस्तयुक्त तथा समयमा नै सबै स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।
- पोषणको क्षेत्रमा अन्तरक्षेत्रिय समन्वयको आधारमा गणुस्तरीय एवं स्वस्थ खाद्य पदार्थको पहुँच र प्रयोगलाई विस्तार गरी कुपोषण न्यूनीकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- विपद्जन्य घटनाबाट हुनसक्ने चोटपटकका कारण अपाङ्गता हुने र मृत्युदरमा भैरहेको वृद्धिलाई रोकथाम र शिघ्र उपचारको व्यवस्था गर्न एम्वुलेन्स सेवालाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीको प्रयोगलाई व्यवस्थित बनाई स्वास्थ्यसंग सम्बन्धित तथ्याङ्कहरुको गणुस्तर र विश्वसनीयतामा बृद्धि गरिनेछ ।
- ज्येष्ठ नागरीकको स्वास्थ्य जाँच तथा प्राथमिक उपचारलाई सहज पहुँचमा ल्याईनेछ ।
- स्वास्थ्य स्वयंसेविकाहरु मार्फत मातृ तथा बाल स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन नगरक्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुनर्ताजगी तालिमका साथै प्रोत्साहनको व्यवस्था गरिनेछ ।

- दीर्घ तथा असाध्य रोगीहरुलाई स्वास्थ्य उपचारको लागि उचित सहयोग प्रदान गरिनेछ ।
- स्वास्थ्य सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न नगरपालिकामा प्राविधिक शिक्षा संचालनमा ल्याईनेछ । यस प्रकारको प्राविधिक शिक्षा लिने दलित, महिला, विपन्न वर्गलाई छात्रवृत्तिको विशेष व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा संचालनमा जिल्ला अस्पताल लगायत संघ र प्रदेश अन्तर्गत रहेका अन्य स्वास्थ्य संस्थाहरुसंग समन्वय गरिनेछ ।
- सबै वडाहरुमा फार्मेसी संचालन गर्न निजी औषधी व्यवसायीहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
- नगरपालिकाका हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य सम्बन्धी प्रयोगशाला स्थापना गरी संचालन गर्ने कार्यको थालनी गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**<u>भौतिक पूर्वाधार विकास तथा यातायात सम्बन्धी नीति</u>**

- अत्यावश्यक बाहेक सडकको नयाँ ट्राक खोल्ने कार्यलाई निरुत्साहित गर्दै हाल रहेका सडकहरुलाई बाह्रै महिना सवारी साधन संचालन हुनेगरी स्तरोन्ननती गरिनेछ ।
- आगामी दुई बर्षभित्र मूल सडकबाट सम्पूर्ण वडाको केन्द्रसम्म जाने सडकलाई कालोपत्रे गर्ने कार्यलाई पूर्णता दिईनेछ ।
- नगरपालिकाक्षेत्रभित्रका महत्वपूर्ण सडकहरुको निर्माण पूर्व सर्भे, ड्रइङ, डिजाइन, लागत अनुमान र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोको आधारमा मात्र सडक निर्माण कार्य गरिनेछ ।
- संखुवासभा उद्योग वाणिज्य संघ तथा चेम्बर अफ कमर्स लगायतका अन्य निजी संस्थाहरुसंग साझेदारी गर्दै अन्य साझेदार निकायहरुसंग समेत समझदारी कायम गरी नगरबस संचालनको व्यवस्था मिलाईनेछ ।
- यस नगरपालिकाका हरेक घरधुरीलाई आगामी दुई बर्ष भित्रमा खानेपानी धारा उपलब्ध गराउन **"एक घर एक धारा"** योजना ल्याईनेछ । यसका लागि खानेपानी उपभोक्ता समितिहरुसंग समन्वय गरी खानेपानी संस्थाहरुको व्यवस्थापनमा व्यापक सुधार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- सडकहरु मर्मत सम्भार गर्ने कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ । यसका लागि उपभोक्ता समितिहरुले संचालन गर्ने आयोजनाहरुबाट समेत निश्चित रकम कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा हुने व्यवस्था मिलाईनेछ ।
- प्रदेश तथा संघीय सरकारबाट नगरक्षेत्रभित्र कार्यान्वयन हुने आयोजनाहरुको गुणस्तर, लागत र समयसमेतको अनुगमन नगरपालिकाबाट समेत हुने व्यवस्था गर्न सम्बन्धित निकायहरुसंग समन्वय गरिनेछ ।

- खाँदबारी नगरपालिका क्षेत्रभित्र बसपार्कको निर्माण तथा व्यवस्थापन कार्यलाई उच्च प्राथमिकताकासाथ अगाडि बढाईनेछ भने बसस्टेण्डको व्यवस्थाका लागि संघीय तथा प्रादेशिक सडक डिभिजन कार्यालयहरुसंग समन्वय गरिनेछ ।
- सडक निर्माण कार्यलाई वातावरणमैत्री बनाउन सम्बन्धित क्षेत्रका नीति, योजना तथा निकायहरुसंग तालमेल गरिनेछ ।
- नगर क्षेत्रभित्र तीन पाङ्ग्रे लगायतका साना सवारी व्यवस्थापन गर्नको लागि पार्किङ क्षेत्रको उचित व्यवस्था गरिनेछ । यस्ता साना सवारी साधनहरु नगरपालिकामा दर्ता भई संचालन हुने व्यवस्था मिलाईनेछ ।
- यातायात व्यवसायीहरु तथा अन्य निजी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी नगरपालिका क्षेत्रभित्र सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाको सुनिश्चितता गरिनेछ । महिला, बालबालिका, विरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालनका लागि पहल गरिनेछ ।
- जिल्ला ट्राफिक प्रहरी कार्यालयसंग समन्वय गरी सडक दुर्घटनालाई न्युनीकरण गर्न आवश्यक सुरक्षा उपायहरु अवलम्वन गरिनेछ ।
- उत्तर दक्षिण कोशी राजमार्गको खाँदबारी नगरपालिकाभित्रको खण्डमा पर्ने क्षेत्रमा मुआब्जा वितरण भएको जग्गाको लगत कट्टा गर्नका लागि नगरपालिकाबाट सार्थक पहल गरिनेछ ।
- मर्मतसम्भार कोषबाट सडक मर्मतसम्भार गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पानीका मुहानहरुको पहिचान गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउन आवश्यक योजनाहरु संचालन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको सहयोगमा अरुण लगायतका अन्य नदी खोलाहरुबाट बोरिङ तथा लिफ्टिङ प्रणालीबाट सतह सिंचाईलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका सबै वडा तथा वस्तीहरुलाई केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपुर्तीको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाईनेछ । यसका लागि सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
- सूचना प्रविधिसंग सम्बन्धित पूर्वाधार निर्माणको लागि संघ तथा प्रदेश सरकारसंग समन्वय र साझेदारी गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका मुख्य-मुख्य बजार तथा चोकहरुमा नि:शुल्क WiFi जडान गरिनेछ ।
- उपभोक्ता समितिहरुसँग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी नगरपालिकाको लागत भारलाई न्यून गरिनेछ ।

**सामाजिक विकास नीति**

- महिला, एकल महिला वर्गको सामाजिक, आर्थिक, राजनीतिक दक्षता तथा क्षमता अभिबृद्धि गरी त्यस्ता क्षेत्रमा सार्थक सहभागिता सुनिश्चित गरी मूलप्रवाहीकरणमा ल्याउनको लागि सशक्तिकरण र समावेशीकरणमा जोड दिईनेछ ।

- महिलाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको संस्थागत क्षमता विकास र नीति निर्माणको तहमा उचित प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।
- लैङ्गिक हिंसाबाट पिडित महिलाहरुको उचित संरक्षण र न्यायको लागि सेवा केन्द्र स्थापना, संचालन र मनोसामाजिक विमर्शका लागि सम्बन्धित संघ संस्थाहरुसंग साझेदारी तथा समन्वय गरिनेछ ।
- अति बिपन्न एकल महिलाका सन्ततीहरुका लागि छात्रवृत्तीको व्यवस्था गरिनेछ ।
- बाल अधिकारको सुनिश्चितताका लागि बालबालिकाको पहिचान, विकास, संरक्षण र सहभागिताका क्षेत्रमा संघीय तथा प्रदेश सरकार र बालबालिकासंग सम्बन्धित रहेर काम गर्ने संघ संस्थाहरुसंग समेत सहकार्य र समन्वय गर्दै आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजातीहरुको पहिचान सहितको अधिकार सुनिश्चित गर्ने अवसर सिर्जना गर्न विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै जातजातिको ऐतिहासिक तथा सांस्कृतिक पहिचान झल्किने गरी संग्रहालय स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- मातृभाषामा पठनपाठन शुरु गरिएका शैक्षिक संस्थाहरुलाई त्यस्तो कार्यलाई निरन्तरता दिनको लागि प्रोत्साहन गरिनेछ ।
- सबै जातजातीहरुको शबदाहस्थलको उचित व्यवस्थापन कार्यमा सहयोग गरिनेछ ।
- समाजमा व्याप्त विकृती, विसंगती, छुवाछुत र भेदभावजन्य कृयाकलापहरु न्यूनीकरण गर्दै सभ्य र सुसंस्कृत समाजको स्थापना गर्न विभिन्न कृयाकलापहरु संचालन गरिनेछ ।
- दलितहरुको शिक्षा, सीप तथा क्षमता विकासका लागि छात्रबृत्ति, आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- करुणा फाउण्डेसन, नगरपालिका र प्रदेश सरकारबीच साझेदारी गरी अपाङ्गता भएका व्यक्तिहरुको पुनस्थापना तथा सहयोगका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- अपांगता भएका व्यक्तिहरुको क्षमताको आधारमा सीप विकास तथा उद्यमशिलता तालिम प्रदान गरी स्वरोजगार एवं आयआर्जनको अवसर सिर्जना गरिनेछ ।
- नगरपालिकाको आफैं निर्माण गर्ने वा अनुदानबाट निर्माण हुने भौतिक संरचनालाई अपांगमैत्री बनाईनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डीकृत तथ्याङ्क तयार गरी सो अनुसारका सामाजिक तथा आर्थिक उत्थानका कार्यक्रमहरु संचालनको व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सुविधालाई ध्यानमा राखी बैंकसंग समन्वय गर्दै वडाहरुमा नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको थालनी गरिनेछ ।
- एकल महिला र "ग" वर्गका अपांगहरुका लागि चाडबाड खर्च उपलब्ध गराईनेछ ।
- परम्परागत, मौलिक एवं लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण सम्बर्धनका लागि संरक्षणमुखी कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

## न्यायिक समितिसम्बन्धी नीति

- खाँदबारी नगरपालिकाभित्रका सबै वडाहरुमा मेलमिलापकर्ताहरुलाई पुनर्सूचिकृत गरिनुका साथै कार्यालय संचालन सामग्री वितरण गरिनेछ ।
- प्रत्येक वडामा गठित मेलमिलापकर्ताहरुको समन्वयमा न्यायिक समितिले हेर्न मिल्ने मुद्दाहरुको बारेमा सचेतीकरण कार्यक्रम संचालन गरिनेछ ।
- सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई पनुर्ताजगी तालिम संचालन गरिनुका साथै मेलमिलाप गराएको आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको इजलासमा भौतिक पूर्वाधार सुधार तथा न्यायिक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- घरेलु हिंसा न्यूनीकरण गर्नका लागि घरेलु हिंसा बिरुद्दको जनचेतानामूलक कार्यक्रम संचालन गरिनेछ ।
- अन्य स्थानीय तहमा न्यायिक समितिबाट सम्पादन भएका असल कार्यहरुको अनुशरण गर्न अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिलाई कार्यसम्पादनको लागि अदालत अभ्यास (Court Observation) जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा डिभिजन वन कार्यालयको अवलोकन भ्रमण गरिनेछ ।
- न्यायिक समितिलाई आवश्यक पुस्तकालय व्यवस्था गरिनेछ ।
- न्यायिक समितिका लागि आवश्यक कानून निर्माण तथा परिमार्जन गरिनेछ ।

## सुशासन तथा संस्थागत क्षमता विकास नीति

- संघीयताको मर्मलाई उच्च सम्मान गर्दै योजना छनौट प्रकृयामा स्थानीय जनप्रतिनिधि र जनताको अधिक सहभागितालाई सुनिश्चित गर्न वडा तहबाट छनौट गरिने योजना तथा कार्यक्रमको लागि रु. एक करोड विनियोजन गर्ने नीति लिईएको छ ।
- विभिन्न सेवासुविधा लिनको लागि नगरपालिकामा आउने सेवाग्राहीहरुलाई सहयोग तथा सहजीकरण गर्नका लागि नगरपालिकाको हाताभित्र सहयोग कक्ष (Help Desk) स्थापना गरी संचालन गरिनेछ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** का सबैजसो सूचकहरु पुरा गरी सरकार संचालनका सबै आयामहरुमा यस नगरपालिकालाई उत्कृष्ट बनाईनेछ ।
- कर्मचारीहरुलाई प्रदान गरिएको सम्पूर्ण अतिरिक्त सुविधा हाललाई कटौती गरिएको छ । पछि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** का सूचकहरुमा आफु वा आफ्नो शाखाले प्राप्त गरेको अङ्कको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराईनेछ ।
- आगामी आर्थिक बर्षदेखि नगरपालिकाबाट हुने हरेक भुक्तानी **Electronic Fund Transfer (EFT)** प्रणाली मार्फत गरिनेछ ।

- नेपाल विद्युत प्राधिकरण, खाँदबारी वितरण केन्द्रसंग समन्वय गरी बिजुलीको बिल हरेक वडामा तिर्न सक्ने व्यवस्था गरिनेछ ।
- आगामी आ.ब. भित्र सबै वडाहरुको सेवा आफ्नै आधुनिक प्रशासकीय भवनबाट प्रवाह हुने व्यवस्था गरिनेछ ।
- सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । नीति, कानुन तथा मापदण्ड सम्वन्धित सवै सरोकारवालाहरुको सहमतिमा र विज्ञहरुसँगको परामर्शको आधारमा निर्माण गरिनेछ ।
- पालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका वारेमा सर्वसाधारण सवैलाई वेवसाइट एवम् अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।
- जवाफदेहिता एवम् पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक बडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।
- सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- वडावाट प्रवाह गरिने सार्वजनिक सेवामा सहज पहुँच अभिवृद्धिका लागि वडाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- सुशासन प्रवद्र्धनका लागि पालिकामा जनप्रतिनिधि एवम् कर्मचारीहरुका लागि आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई—विडिङ्ग तथा प्रक्रियागत ढङ्गवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।
- समयानुकुल हुनेगरी संगठन तथा व्यवस्थापन सर्भे गरी दरबन्दी तथा कार्यविवरण पुनरावलोकन गरिनेछ ।
- कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्यसम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ ।
- तालिम, अध्ययन अवलोकन भ्रमण तथा अभिमुखीकरणवाट नगरपालिकाका जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमतामा अभिवृद्धि गरी निर्णय प्रक्रिया तथा सेवा प्रवाहमा थप प्रभावकारिता ल्याइनेछ ।
- कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चितता गरिनेछ । यसका लागि आवश्यक कानून निर्माण गर्नुका साथै उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ ।
- नगरकार्यपालिका र अन्तर्गतका निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा मात्र निरन्तरता दिईनेछ ।

- आवधिक नगर बिकास योजना, मध्यकालीन खर्च संरचना र बार्षिक योजनाबीच तादत्म्यता स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, रणनीतिहरु कार्यान्वयन गर्न बार्षिक योजनालाई प्रभावकारी वनाइनेछ ।
- नगरपालिकाका आयोजनाहरुको लागत अनुमान स्विकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।
- खाँदबारी नगर कार्यपालिका र अन्तर्गतका कार्यालयका कर्मचारीहरुबाट सेवाग्राहीले **"मुस्कान सहितको सेवा"** पाउने व्यवस्था गरिनेछ । कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधारभन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिनेछ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ ।
- आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि तोकिए बमोजिमको अनुगमन समितिको क्षमता विकास गरिनेछ । अनुगमन समितिले बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
- उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता बिकास मार्फत सशक्तीकरण गरिनेछ ।

<u>राजस्व नीति</u>

- आन्तरिक श्रोत परिचालनका लागि राजस्व सुधार कार्ययोजना तयार पारी नगरपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।
- राजस्व परामर्श समितिबाट प्राप्त सुझावको आधारमा आन्तरिक राजस्व प्रणालीलाई सुधार गरिनेछ ।
- जमीन वा भौतिक संरचनाको मूल्याङ्कन मापदण्ड र विधिलाई सडक पहुँच र उपयोगको आधारमा व्यवसायिक, आवासीय, कृषि र अन्य जमीन गरी वर्गिकरण गरी मूल्यमा आधारित सम्पत्तिकर प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- संखुवासभा उद्योग वाणिज्य संघ तथा चेम्बर अफ कमर्ससंग व्यवसाय दर्ता, नवीकरण र व्यवसायकर उठाउने कार्यमा सहकार्य र साझेदारी गरिनेछ ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि गरी राजस्व सुधार कार्ययोजना लागू गरिनेछ ।
- सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । सबैभन्दा बढी कर तिर्ने तीनजनासम्म करदातालाई बार्षिक रुपमा सम्मान गरिनेछ ।
- नगरपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ ।
- नगरपालिकाको आन्तरीक राजस्व अभिबृद्धिको लागि कार्यान्वयनयोग्य राजस्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

- नगरपालिकामा करदाताले तिर्नु बुझाउनु पर्ने राजस्व रकम **Online** प्रविधिबाट तिर्न बुझाउन पाउने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकामा संचालित निजी विद्यालयलाई करको दायरामा ल्याईनेछ ।
- घरवहालकरको हकमा उपयोगको आधारमा कर दर कायम गरी वास्तविक वहाल रकम स्वयम् घोषणा गर्न पाउने सम्बन्धमा आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ ।
- आन्तरिक आम्दानीलाई पारदर्शी र करदातामैत्री बनाउन वडा तहसम्म राजस्व साक्षरता कार्यक्रम, आवधिक अन्तरक्रिया र सुझाव संकलन, मासिक आय व्ययको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**<u>शहरी सुविधा, आवास तथा वस्ती विकास सम्बन्धी नीति</u>**

- संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण, सुरक्षित बस्ती तथा बजार विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।
- तुम्लिङटार, खाँदबारी, मानेभञ्ज्याङ, चेवाबेंशी, हेलुवाबेंशी लगायतका स्थानहरुका महत्वपूर्ण चोकहरुमा सडकबत्ती तथा सीसी क्यामरा जडान गरिनेछ ।
- नगर यातायात गुरुयोजना अनुसार सडकको **Right of way** निर्धारण गरिनेछ ।
- नगरपालिकाभित्रका सबै घरहरुको नम्बरिङ्ग प्रणालीको शुरुवात गरिनेछ । साथै घरनक्सा पास गर्ने प्रकृयालाई **Online** मा आवद्द गरिनेछ ।
- खाँदबारी, तुम्लिङटार र मानेभञ्ज्याङमा लाग्ने साप्ताहिक हाटबजारमा खानेपानी तथा सार्वजनिक शौचालयको उचित व्यवस्थापन गरिनेछ ।
- खाँदबारी नगरपालिका वडा नं. १ मा रहेको टुँडिखेलमा कार्यक्रम संचालन प्रयोजनको लागि मंचको निर्माण गरिनेछ ।
- ढोलबाजे जंगलको Demarcation भन्दा बाहिरको सार्वजनिक जग्गालाई नगरपालिकाले संरक्षण तथा सदुपयोग गर्नेछ ।
- सहयोग र साझेदारीका क्षेत्रहरु पहिचान गरी यस खाँदबारी नगरपालिका, जिल्लाभित्रका पालिकाहरु र अन्य जिल्लाका पालिकाहरुसंग समेतको साझेदारीमा उपयुक्त योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- खाँदबारी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गाको पहिचान गरी, नगरपालिकाको पहुँचमा ल्याई संरक्षण तथा सदुपयोगको व्यबस्था मिलाईनेछ ।
- संघीय भूउपयोग ऐन तथा नियमावलीले व्यवस्था गरे अनरुप स्थानीय भू-उपयोग नीति बनाईनेछ ।
- नगरपालिकाको भवन निर्माण आचारसंहिता तथा न्यूनतम मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- ल्यान्डफिल साईडमा विसर्जन गरिएको फोहोराबाट नगरपालिको आम्दानी बढाउन कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल प्रसोधन केन्द्रको व्यवस्था गरिनेछ भनें नसड्ने फोहोरको उचित व्यवस्थित गरिनेछ ।

**<u>सूचना प्रविधि नीति</u>**

- डिजिटल नगर प्रोफाईललाई अपडेट तथा अपग्रेड गरी नगरपालिकाको बस्तुस्थिति विवरणलाई समयसापेक्ष बनाउदै लगिनेछ ।
- प्रबिधिमैत्री डिजिटल बैठक, सभाहलको निर्माण गरिनेछ ।
- वडा कार्यालयहरुमा डिजिटल सूचना बोर्ड स्थापना गरिनेछ ।
- माध्यमिक तहका सार्वजनिक विधालयहरुमा सूचना व्यवस्थापन तथा सार्वजनिकरणका लागि वेबसाईट निर्माण गरि प्रयोगमा ल्याईनेछ ।
- वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको ईन्टरनेट नेटवर्कलाई थप आवश्यक सुद्धिढिकरण गर्दै लगिनेछ ।
- केन्द्रिकृत सिफारीस तथा प्रमाण-पत्र व्यवस्थापन प्रणालिको विकास गरी प्रयोगमा ल्याईनेछ ।
- एकीकृत विधुतीय सुशासन प्रणालिको विकास गरी प्रयोगमा ल्याईनेछ ।
- कार्यालयबाट प्रदान गरिने सेवाहरुमा टोकन प्रणालि लागु गरिनेछ ।
- नगरपालिकाको सम्पुर्ण शाखा तथा वडा कार्यालयहरुमा सिसि-क्यामेरा जडान गरी सार्वजनिक सेवालाई थप पारदर्शि बनाईनेछ ।
- सूचना प्रविधि शाखालाई आवश्यक भौतिक सामग्री लगायत अन्य थप जनशक्तिको व्यवस्थापन गरी नगरपालिकाको दैनिक सेवा प्रवाहलाई अझ चुस्त दुरुस्त बनाउदै लगिनेछ ।
- स्थानीय पत्रपत्रिका, रेडियो, एफ.एम., अनलाइन आदि संचार माध्यामहरुसंग आपसी सहकार्य र समन्वय गरी संचार क्षेत्रको विकासमा जोड दिइनेछ ।

**<u>रोजगार नीति</u>**

- नगरभित्रका असंगठित मजदुरहरुलाई संगठित गरी सूचीकरण गर्ने र उनीहरुलाई रोजगारीको प्रत्याभुति गरिनेछ ।
- नगरपालिका कार्यालय परिसरमा मजदुरहरुका लागि श्रम डेक्स स्थापना गरी श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा सूचीकृत गराउन सहजीकरण गर्ने कार्यविधि तयार गरिनेछ ।
- खाँदवारी नगरपालिकाभित्र रहेका रोजगारदाता संस्थाहरुको लगत संकलन गरी रोजगार सेवा केन्द्रको सूचना प्रणालीमा प्रविष्ट गरिनेछ ।
- गरिबी न्युनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहल कदमी चालिनेछ ।
- रोजगार सेवा केन्द्र संचालन तथा ब्यवस्थापनलाई थप प्रभावकारी र जिम्मेवार वनाईनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक योजनालाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्दागर्दै श्रमीकहरुलाई कुनै पनि किसिमको चोटपटक वा कुनै दुर्घटना भएमा तत्काल उपचारका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम उपचार ब्यवस्थापन कोषको स्थापना गरिनेछ ।

अन्त्यमा, यस नगरसभामा पेश गरिएको यो नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने कार्यमा नगरसभाका सदस्यज्यूहरुको सक्रिय र रचनात्मक सहभागीता हुनेछ भन्ने अपेक्षा लिएको छु । आदरणीय नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुले नगरको विकासका लागि देखाउनु भएको क्रियाशीलताप्रति उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत यस्तै प्रकारको भूमिकाको लागि हार्द्धिक आव्हान गर्दछु । आमसंचार जगतले यस नीति तथा कार्यक्रम लगायत नगरपालिकाका हरेक गतिविधिहरु जनसमक्ष ल्याई सुसूचित गराई दिनुहुनको लागि आग्रह गर्दछु । साथै नगरपालिकाका सवै कर्मचारीहरुप्रति यो नीति तथा कार्यक्रम लगायत सभा र कार्यपालिकाबाट पारित भएका सबै कानून तथा निर्यणहरु यथा समयमा नै कार्यान्वयन गरी उत्कृष्ट नतिजा हाँसिल गर्ने सन्दर्भमा सदा अग्रसर हुनुहुनेछ भन्ने आशा लिएको छु ।

धन्यवाद !!!

**महेश थपलिया**
**नगर प्रमुख**
**खाँदबारी नगरपालिका, संखुवासभा**

मिति २०७९/०३/१०